Email: ashok.thapa@cdn.tu.edu.np DOI: https://doi.org/10.3126/vangmaya.v18i1.47051

# नेपाली नाटकको युगीन प्रवृत्ति

**डा. अशोक थापा**

## लेखसार

*नेपाली नाटकको इतिहास झन्डै सवा दुई शताब्दी लामो छ । यसको आरम्भ अनुवाद रूपान्तरणसँग सम्बद्ध छ । हालसम्म प्राप्त तथ्यलाई मूल्याङ्कन गर्दा शक्तिवल्लभ अर्यालको हास्यकदम्ब (वि.सं. १८५५ तिर) लाई नेपाली नाटकको पहिलो खुड्किलो मानिन्छ । यद्यपि लिच्छविकाल र मल्ल कालमा सिर्जित नाटकका केही पाण्डुलिपिहरूको शोधन हुन बाँकी छ । प्रस्तुत लेखमा नेपाली नाटकको पृष्ठभूमिदेखि अहिलेसम्मको नाट्येतिहासको स्रस्टासापेक्ष अनुरेखाङ्कन गरिएको छ । नेपाली नाटकका विषयमा अतीतमा भएगरेका पूर्वसामग्रीहरूको अवलोकन गरी निष्कर्षमा पुगिएकाले यस लेख द्वितीयक स्रोतको तथ्यमा आधारित छ । इतिहासमा अभिलेखन भएका दस्तावेजको तुलनात्मक पठन गरी निष्कर्षण गरिएकाले यस लेखमा तुलनात्मक विधिको प्रयोग भएको छ । प्रस्तुत लेखमा प्राप्त तथ्यहरू प्रस्तुत गर्न वर्णनात्मक विधिको प्रयोग भएको छ । यो लेख नेपाली नाटकको इतिहासको अनुरेखाङ्कनमा केन्द्रित छ । नेपाली नाटकको ऐतिहासिक पक्षलाई सङ्क्षेपमा निष्कर्षण गर्नु यस लेखको प्राप्ति हो । नेपाली नाटकसाहित्य उन्नत बन्दै गएको छ । नवीन चिन्तन र अन्तर्विषयकतालाई अबलम्बन गर्नु नेपाली नाटकको उल्लेखनीय उपलब्धि हो भन्ने यस लेखको निचोड रहेको छ । यसले आगामी दिनमा हुने शोधका लागि थप मार्गप्रशस्त गरेको छ ।*

**शब्दकुञ्जी** : रङ्गमञ्च, रूपान्तरण, अनुवाद, इतिवृत्त, मिथकीयता ।

# [Epochal Characteristic Features of Nepali Drama

**Dr. Ashok Thapa**

## Abstract

Nepali drama has a history of about two and a half centuries. Translation and transformation were the first steps in the history of Nepali drama. According to the information received so far, *Hasyakadamba* is considered to be the first play written in Nepali. The play was thought to have been published in about 1855 BS. Nevertheless, some manuscripts of plays written during the Lichchhavi and Malla period remain unexplored. This article provides an overview of Nepalese drama's history from its beginning to the present. Previous research has served as a prelude. As a result, the source used here comes from secondary sources. The comparative method has been applied in this article because it

was obtained by comparing historical documents. This article presents information in a descriptive form. The writer tries to trace the history of Nepalese drama in this article. This article summarizes the historical aspect of Nepali drama. In recent times, Nepali drama has become more sophisticated. The article stresses as to how Nepali drama has achieved great success by adopting innovative and interdisciplinary thinking. Further research could be conducted on this topic in the future.

**Keywords:** theater, transformation, translation, history, myth]

## विषयपरिचय

नाटक पात्रका माध्यमबाट संवादात्मक समाख्यान गरिने अनुकरणात्मक विधा हो । नाटक विधा नेपाली साहित्यमा लोकप्रिय छ । प्रस्तुत लेखमा नेपाली नाटकको उत्पत्ति र विकासको छोटो इतिवृत्त छ। नाटकका सम्बन्धमा नेपाली साहित्येतिहासकारहरूको विभिन्न मतमतान्तर छन्। कतिपय समालोचकहरूले *हरिसिद्धि पुराण*लाई नेपाली नाटकको साक्षका रूपमा उल्लेख गरेका छन् भने अन्य केही समीक्षकहरूले राष्ट्रिय अभिलेखालयमा रहेका विविध भाषाका नाटकको अध्ययन हुन बाँकी रहेकाले अहिल्यै नेपाली नाटकको इतिहासको आरम्भको विषयमा ठोकुवा गर्न नसकिने कुरा पनि उल्लेख गरेका छन् ।

अङ्ग्रेजी-हिन्दीजस्ता भाषाका तुलनामा नेपाली नाटकको इतिहास खास विस्तारित छैन। इतिहास समृद्ध होस् वा असमृद्ध समग्रतामा इतिहासलाई सम्मेक विवेचना नगर्दा अध्ययन-शोधनमा समस्या सिर्जना हुन्छ । नेपाली नाटकसाहित्यमा केकस्ता अनुवादगत अभ्यास भएका छन् ? यहाँ रङ्गमञ्चीय अभ्यास कहिलेबाट आरम्भ भयो ? नेपाली नाटकमा हिजोदेखि आजसम्म अनुबन्ध विषयस्रोतमा केकस्ता विविधता देखिन्छन् ? नेपालीमा सापेक्षित रूपमा नाटक किन कम सिर्जना हुने गर्छन् ? प्राथमिक, माध्यमिक र आधुनिक कालका नाटकमा पाइने खास विविधता के हुन् ? समग्रमा नेपाली नाटकको हिजोको अवस्था र वर्तमान अवस्थिति के-कस्तो छ ? भन्नेजस्ता प्राज्ञिक जिज्ञासाको समाधान गर्नु प्रस्तुत लेखको समाधेय समस्या हो ।

नेपाली नाटकको विकास, रङ्गमञ्चीय गतिविधि, हिजोदेखि आजका नाटकमा देखिने विभिन्नताका साथै नेपाली नाटकसाहित्यको इतिहासमा उठेका विविध प्राज्ञिक जिज्ञासाको कार्यकारण सम्बन्ध खोज्नु यस लेखको उद्देश्य हो । सङ्क्षिप्त भए पनि नेपाली नाटकको इतिहासको एकीकृत सामग्रीको अभाव परिपूर्ति गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । पृष्ठभूमिकाल (शक्तिवल्लभ), मध्यकाल (मोतीराम भट्ट) र आधुनिक काल (सम, रिमाल, मल्ल) का नेपाली नाटकमा केकस्ता व्यतिरेक देख्न सकिन्छ भन्ने निक्यौल गर्नु यस लेखको उदेश्य हो । नाटक रङ्गमञ्चीय विधा हो । नेपाली नाटक रङ्गमञ्चमा कुन हदसम्म विश्लेषित र परीक्षित छ त्यसको लेखाजोखा गर्नु पनि यस लेखको अर्को उद्देश्य रहेको छ ।

नेपाली नाटक अन्य विधाका तुलनामा पछि र थोरै सङ्ख्यामा सिर्जना भयो । जसरी सर्जकहरू साहित्यका अन्य विधामा क्रियाशील छन् अनुसन्धानकर्ताको ध्यान पनि सिर्जनागत व्यापकता पाएका विधामा अधिक केन्द्रित भए । यस लेखमा नेपाली नाटकको हिजो र आजको इतिवृत्तको विवेचना गरिएकको छ । इतिहासको अनुरेखाङ्कन गरिएकाले प्रस्तुत लेखको औचित्य स्वतः पुष्टि हुन्छ । प्रस्तुत लेखको पठनपछि भविष्यमा नेपाली नाटक क्षेत्रमा अध्ययन-अनुसन्धान गर्न चाहने जोकोही अध्येयतालाई पनि आधिकारिक सामग्री प्राप्त हुने भएकाले यस लेखको औचित्य स्वतसिद्ध छ । अनुसन्धानको आधार भूत पक्षको अनुसरण गरी तयार गरिएको यो लेखको

प्राज्ञिक निष्कर्षण प्रस्तुत विषयको अध्यव्यसायमा लागेका सबैका लागि औचित्यपूर्ण लाग्नेछ ।

नेपाली नाटकसाहित्यको सवा दुई शताब्दी लामो इतिहासलाई एउटा लेखमा अटाउने प्रयास आफैंमा एउटा चुनौतीपूर्ण कार्य हो त्यसैले तथ्यको सङ्क्षिप्त सङ्केत गर्नु यस लेखको सीमा हो । नेपालमा सयौँ भाषाभाषीहरू छन् । तिनीहरूको भाषामा आफ्नै सिर्जनपरम्परा छ अनि नाट्य वा प्रदर्शनकारी कलाको प्रचलन छ । यस लेखमा नेपाली नाटक भन्नाले नेपाली भाषामा लेखिएका नाटकलाई सङ्केत गरिएकाले नेपालका अन्य भाषाका सिर्जनाका विषयमा चर्चा हुन नसक्नु यस लेखको अर्को सीमा हो । इतिहासमा कृतिगत सिर्जनाको मात्र चर्चा हुनु तर गहन विवेचना हुननसक्नु यस लेख अर्को सीमा हो ।

## अध्ययनविधि

प्रस्तुत लेख द्वितीयक सामग्रीका सापेक्षतामा पुस्तकालय कार्यलाई आधार मानी तयार गरिएको छ । नाटक र रङ्गमञ्चको परिचयका सन्दर्भमा कतिपय ठाउँमा निगमन विधिको प्रयोग गरिएको छ भने आवश्यकताअनुसार आगमनविधिको पनि प्रयोग भएको छ । नेपाली नाटकको ऐतिहासिक तथ्यहरूका विषयमा विवेचना गर्नेक्रममा नाटकका पाठहरूलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा लिइएको छ भने सैद्धान्तिक सामग्रीका सन्दर्भमा अङ्ग्रेजी, हिन्दी भाषामा लेखिएका लक्षणग्रन्थका सन्दर्भमा तुलनात्मक विधिको पनि प्रयोग गरिएको छ । यसरी प्राथमिक र द्वितीय समग्रीहरूको प्रयोग गरी इतिहासलेखनको सैद्धान्तिक आधारमा निगमन विधिबाट सैद्धान्तिक पाठ एवं वस्तुपरक ढङ्गले वर्णनात्मक अनि विश्लेषणात्मक पद्धतिको अनुसरण गरी यस लेखको निष्कर्षमा पुगिएको छ ।

बितेका समयमा सिर्जना भएका नाटकहरूलाई ऐतिहासिक उपकरणका आधारमा शोधन गरी विस्तृत विवेचना गर्नु यसको इतिवृत्त हो । इतिहासमा सिर्जित तथ्याङ्कहरूलाई समयरेखामा विभाजन गरी त्यसका प्रवृत्तिका आधारमा साहित्यको कालचेतना निर्धारण गरिन्छ । समय गतिशील छ र साहित्यसिर्जना पनि सँगै चलायमान छ । यस गतिशीलतामा सर्जकले छोडेका अन्तः बाह्य उपकरणका आधारमा साहित्यको प्रवृत्ति निर्क्यौल गर्नुपर्ने हुन्छ । प्रस्तुत लेखमा साहित्येतिहासका लागि कालविभाजन, कार्यकारण सम्बन्ध र जीवनीका आधारभूत पक्षहरूलाई मूल्याङ्कन गरी अन्तिम निष्कर्षमा पुगिएको छ ।

नेपाली नाटकको ऐतिहासिक पक्षको चर्चा गर्ने सन्दर्भमा प्रचण्ड मल्लले *हरिसिद्धि पुराण*लाई साक्षी राख्दै नेपाली साहित्यको पहिलो नाटक *हरिसिद्धि* नाटक हो भनी उल्लेख गरेका छन् । उनले यस नाटकको तिथि वि. सं. ९४१ भन्दा अगाडि रहेको कुरा व्यक्त गरेका छन् (मल्ल, २०६६, पृ. ५) । प्रेमबहादुर कंसाकारले नाटकको अस्तित्व दर्साउने झन्डै डेढ सय (१५०) को हराहारीमा हस्तलिखित प्रतिलिपि जो राष्ट्रिय अभिलेखालयमा छन् तिनीहरूको पठन बाँकी रहेकाले नेपाली नाटकको इतिहासका विषयमा चर्चा गर्नु अप्रमाणिक हुन्छ भनेका छन् (कंसाकार, २०१९, पृ. ४) । उनले ती सामग्री संस्कृत, मैथिली र नेवारी भाषामा लेखिएको कुरा उल्लेख गरेका छन् । यसरी अनुसन्धानको दायरालाई नेपाली नाटकको प्रारम्भिक कालतिर केन्द्रित गर्ने हो भने नेपाली नाटकको इतिहास थप अगाडि लम्बिन सक्छ । यद्यपि यस लेखमा *हास्यदम्ब*लाई आधार मानेर निष्कर्षमा पुगिएको छ । विभिन्न समयमा लिखित, अनूदित, मौलिक नेपाली नाटकलाई यस लेखको प्रमुख सामग्री मानिएको छ ।

नेपाली नाटकसाहित्यलाई समयरेखामा तीन कालखण्डमा विभाजन गरी त्यस समयका नाटकको अन्वेषण गरिएको छ । उक्त समयरेखामा देखिएका प्रमुख नाट्यप्रतिभालाई समयविभाजनको आधार मानिएको छ । यसैगरी कृतिसिर्जना हुँदा त्यसको सँगै आन्तरिक र बाहिरी समाज-संस्कृतिसँगको कार्यकारण सम्बन्ध पहिल्याएर त्यसका आधारमा निष्कर्षण गरिएको छ । यसैगरी महान् सर्जकको जीवनीका सापेक्षतामा पनि निष्कर्षमा पुगिएको

छ । नाटककारको लेखनगत धर्म र कार्यकारण के हो ? यसको शोधन गरिएको छ । नाट्येतिहासका कालखण्डमा शक्तिवल्लभ, मोतीराम, बालकृष्ण, गोपालप्रसाद, विजय मल्ललगायतका नाटककारलाई केन्द्रमा राखेर युगको समीक्षा गरिएको छ । यी समग्र पक्षको वस्तुनिष्ठ विवेचना गरी प्रस्तुत लेखमा नेपाली नाटक साहित्यको प्राचीनदेखि नवीन रूपरेखाको उद्घाटन गरिएको छ ।

## शक्तिवल्लभ युग- प्रस्थानबिन्दु

शक्तिवल्लभ अर्याल (वि. सं. १७८१) को समयलाई एउटा खास युग नमान्न पनि सकिन्छ। यद्यपि जुनसुकै कुराको आरम्भ निकै महत्त्वपूर्ण हुनेगर्छ । हरेक कुराको विजरोपण गर्नु, जगबसाउनु वा स्थापना गर्नु निकै प्रधान कुरा हो । त्यसैले शक्तिवल्लभ अर्याललाई नेपाली नाटकसाहित्यमा स्मरण गर्नै पर्छ । यस चरणलाई साहित्येतिहासकारहरूले नेपाली नाटकको प्राथमिक काल भनेर पनि भनेका छन् । अर्यालले स्थापना गरेको नाट्यजगमा अर्का नाटककार भवानीदत्त पाण्डे (वि. सं. १८५८) ले इटा थप्ने काम गरे उनले *मुद्रा राक्षस* शीर्षकको नाटक लेखे । समाजको अशिक्षित बहिरङ्ग अवस्था, अन्धविश्वासी समाज, राजनीतिक रूपमा खण्डित परिवेशमा पनि अर्यालले संस्कृत भाषामा नाटक लेख्नु, त्यसलाई नेपालीमा उल्था गर्नु र मञ्चनको समेत प्रयास गर्नु निकै प्रमुख उपलब्धि हो । अर्याल राजा पृथ्वीनारायण शाहका दरबारिया पण्डित थिए । संस्कृतका विद्वान् अर्यालले *जयरत्नाकार* (१८४९), *ललितमाधव* (?) र *हास्यकदम्ब* (१८५५ नेपाली भाषामा अनुवादसहित) जस्ता नाटक संस्कृत भाषामा लेखेका छन् । नेपाली नाटक साहित्यको जग बसाउने काम शक्तिवल्लभ अर्यालले गरेका हुन् । *हास्यकदम्ब* र *मुद्राराक्षस* नेपाली नाटकसाहित्यका आधार वा प्रस्थानविन्दु हुन् ।

## मोतीराम युग : शृङ्गारिकता

मोतीराम भट्ट नेपाली साहित्यका पृष्ठभूमि काल र आधुनिक काललाई जोड्ने सेतु हुन् । उनले साहित्यको उल्था र मौलिकताको साथसाथै अभ्यास गरेका छन् । एकात्मक कार्यभन्दा सामूहिकताको अभ्यास गर्ने मोतीराम भट्टको युग नाटकलेखन, रूपान्तरण र रङ्गमञ्चीय गतिविधिका सापेक्षतामा निकै उल्लेख्य मानिन्छ । मोतीराम युग अनुवाद रूपान्तरणको परम्परामात्र होइन आधुनिक नेपाली नाटकका लागि पृष्ठभूमि पनि हो ।

मोतीराम भट्टका नाटकहरू क्रमशः *शाकुन्तला* (१९४२–१९४८ तिर मञ्चित), *प्रियदर्शिका* (ले. १९४९ प्र. २०१६), *पद्मावती* (अनुपलब्ध, १९४६ तिर), *हुस्न अपरोज आरामदिल* (अनुपलब्ध), *गुलसनोवर* (अनुपलब्ध) आदि । यसका साथै पहलमानसिंह स्वाँरका *अटलबहादुर* र *विष्णुमाया* सुखान्त नाटक छन् । शम्भुप्रसाद ढुङ्गेलले संस्कृतबाट नेपालीमा पाँचओटा नाटक अनुवाद गरेका छन् । ती नाटक *रत्नावाली* (१९७०), *शकुन्तला* (१९७३), *विद्यासुन्दर संवाद* (१९७४), *मालती माधव* (१९७६ तिर), *उत्तररामचरित* (१९७५ तिर), *अशोकसुन्दरी* (१९७४, सहलेखन) हुन् । यसका साथै उनका हाल अनुपलब्ध *प्रियदर्शिका* (१९७२ तिर), *शचीवियोग* (१९७२ तिर), *कर्पूरमञ्जरी* (१९७० तिर), *मदनमोहनी* (१९७० तिर) जस्ता नाटकहरू रहेको इतिहासकारहरूले उल्लेख गरेका छन् । यसैगरी लेखनाथ पौड्यालको *लक्ष्मी पूजा* (१९७४), *भतृहरि निर्वेद* (गद्यलेखन राममणि आदी, १९७४), *अभिज्ञान शाकुन्तल* (२०१५) जस्ता नाटकहरू प्रकाशित छन् भने उनका *दिगम्बर विवाह, पार्वती परिणय, भक्त गोकर्ण*जस्ता अपूर्ण नाटकहरू रहेको कुरा जानकारीमा छन् (पराजुली, २०५४, पृ. १०६ ) ।

माध्यमिक कालमा रामप्रसाद लिखित *फूलमा भमरा र भक्त प्रह्लाद* प्रकाशित भएका छन् भने केदारशमशेर थापाको *विक्रमोर्वशी* (१९८२), *दुर्गाभक्तितरङ्गिणी* (१९७२), *वीर ध्रुवचरित, वीर प्रह्लाद, वीर सुदर्शन* नाटक मञ्चित भएको पनि पाइन्छ । यसै समयमा पारसमणि प्रधानद्वारा रचित *सुन्दरकुमार, बुद्धचरित, चन्द्रगुप्ता, सती सावित्री* र *सीता वनवास* आदिजस्ता अनुदित रूपान्तरित नाटकहरू देखिन्छन् । सूर्यविक्रम ज्ञवालीको *श्यामाकुमारी* सामाजिक नाटक हो भने माहानन्द सापकोटाको *राताकाना* र *कण्ठहर*

बङ्गालीबाट नेपालीमा अनुवाद गरिएका नाटकहरू हुन् । यसैगरी सं. १९८० को दशकमा दार्जिलिङका लोकप्रिय नाटककार भैयासिंह गजमेरका *नलदमयन्ती*, परशुराम *स्वामिभक्ति अथवा आदर्श नारी* जस्ता नाटकहरू यस समयमा देखिन्छन् ।

## बालकृष्ण सम : आधुनिकता

आधुनिकता र मौलिकताको जागरण, रङ्गमञ्चीय गतिविधिमा प्रबलता, नेपाली भाषामा अङ्ग्रेजी दुःखान्त नाटकको प्रयोग, दरबारको पर्खाल नाँघेर जनतामाझ नाटक आइपुग्नु बालकृष्ण सम युगको ठूलो उपलब्धि हो । सङ्ख्यात्मक, गुणात्मक र ऐतिहासिक कार्य गरेर समले नेपाली नाटकलाई उचाइमा पुऱ्याएका छन् । आजसम्म पनि बालकृष्ण समको नाट्ययोगदानलाई अग्रस्थानमा स्मरण गरिन्छ । बालकृष्ण समले स्थापना गरेका नाट्यढाँचा (फर्म) अझै पनि प्रयोग गरिँदै आएको छ । समले नेपाली नाटकमा आधुनिकताको सूत्रपात गरेपछि परिष्कार, यथार्थ, मनोविज्ञान, अस्तित्व-विसङ्गति, स्वैरकल्पना, मिथकीयता, लैङ्गिकता आदिजस्ता नाटकीय प्रवृत्तिहरू देखिए ।

## परिष्कारपूर्ण नाटक

परिष्कारको अर्थ पूर्णतः स्वच्छ बनाउनु वा सुरुचि-पूर्ण बनाउनु भन्ने हुन्छ । बालकृष्ण समको नाट्यभाषा परिष्कारपूर्ण छ । उनको शैली परिष्कारपूर्ण छ । उनको विचार परिष्कारपूर्ण छ तर उनका नाटक सामन्य पाठकले बुझ्न कठिन छ । परिष्कारवादका पूर्ण अनुयायी नभए पनि उनको शिल्प पक्ष भने परिष्कारपूर्ण नै हो । परिष्कार भनेको माझिएको शिल्प हुनु पनि हो । यस क्रममा समपछि भीमनिधि तिवारी (१९६८–२०३०) नेपाली साहित्यका विशिष्ट परिष्कार रुचाउने सर्जक हुन् । उनका *सहनशीला सुशीला* (१९९५), *आदर्श जीवन* (२००८), *पुतली* (१९९९), *काशीवास* (१९९८), *किसान* (२०१० तृ. सं.), *नैनीका राम* (२००४), *विवाह* (२०१०), *पाँच ऐतिहासिक एकाङ्की* (२००८), *इन्द्रधनुष* (२००८), *आत्महत्या* (२०३३), *महाराजा भूपतीन्द्र* (२०२८), *चौतारा लक्ष्मीनारायण* (२०२४), *शिलान्यास* (२०२३), *नोकर* (२०१४), *सिद्धार्थ गौतम* (२०१३), *सत्य हरिशचन्द्र* (२०१३), *माटोको माया* (२०२७), *एकाङ्की पल्लव* (एकाङ्कीसङ्ग्रह, नौओटा एकाङ्की सङ्कलित), *एकाङ्की कली* (एकाङ्कीसङ्ग्रह, २०११, नौओटा एकाङ्की सङ्कलित) जस्ता नाटकहरू प्रकाशित छन् । लेखनाथ पौड्यालको *लक्ष्मी पूजा* (१९९४), लक्ष्मीप्रसाद देवकोटाको *सावित्री सत्यवान्* (१९९७) जस्ता नाटकमा पनि परिष्कार पूर्ण शैलीशिल्प भेटिन्छ । लेखनाथदेखि बालकृष्ण सम्मसम्म विकसित भएको परिष्कारवादी नाटक लेख्ने प्रचलन पश्चवर्ती समयसम्म पनि क्रियाशील रहेको देखिन्छ ।

## यथार्थवादी नाटक

यथार्थवाद अङ्ग्रेजी भाषाको 'रियलिज्म' बाट रूपान्तरित शब्द हो । 'रियल' शब्द ग्रीक भाषाबाट बनेको हो त्यसको अर्थ वस्तु भन्ने हुन्छ । अतः रियलको अर्थ वस्तुसम्बन्धी भन्ने हुन्छ । यथार्थवाद वस्तुको अस्तित्वसँग सम्बन्धित एक दृष्टिकोण हो (कँडेल, २०६६, पृ. १७) । नेपाली नाटकमा गोपालप्रसाद रिमालको आगमनसँगै यथार्थवादको प्रवेश भएको हो ।

## गोपालप्रसाद रिमाल

नेपाली नाटक एकरसता र दरबारीय परिवेशको एउटा मूल्यबोधमा अडिइरहेको समयमा गोपालप्रसाद रिमालको आगमन भयो । तत्पश्चात् नेपाली नाटकमा एउटा क्रमभङ्गता सिर्जना भयो । खासमा समस्या नाटकको आगमन, महिलाकेन्द्री दृष्टिकोण, विचारमा क्रान्तिकारिता, प्रगतिशील विचारको सम्प्रेषण रिमालको युगको सबैभन्दा ठूलो उपलब्धि हो । उनका *मसान* (२००३), *यो प्रेम* (२०१५) र 'माया' (एकाङ्की, २०१०) नाटकहरू प्रकाशित छन् ।

## वासुपासा

वासुपासा (१९८२) कीर्तिपुरमा जन्मेका स्रस्टा हुन् । उनले नाटक/कविता विधामा कलम चलाएका छन् ।

उनको *किसान हो !* (२००८), *श्रद्धा, समाज, म हेरेर फर्के* जस्ता नाटकसिर्जना गरेका छन् । नेपालमा कम्युनिस्ट पार्टीको स्थापना (वि. सं. २००६) भएपछि प्रगतिवादी नाटक लेख्ने क्रम प्रारम्भ भयो । यसको प्रारम्भमा नै वाशु पासाको किसान हो ? नाटक लिएर देखा परेका हुन् । उनी यथार्वादी प्रगतिशील नाटककार हुन् ।

## हृदयचन्द्रसिंह प्रधान

हृदयचन्द्रसिंह प्रधान (वि. सं. १९७२–२०१६) नेपाली साहित्यका उपन्यास, नाटक, निबन्ध, समालोचना, कथा, व्याकरणजस्ता वाङ्मयका विविध क्षेत्रमा कलम चलाउने बहुमुखी व्यक्तित्व हुन् । उनका *छेउ लागेर* (२००५), *गङ्गालालको चिता* (२०११), *उनी देवता हुन्* (२०१५) जस्ता नाटकहरू प्रकाशित छन् । प्रधानका साथै मनबहादुर मुखियाको *अँध्यारामा बाँच्नेहरू* (२०२९), *अनि देउराली रुन्छ* (२०३०), *क्रसमा टाँगिएको जिन्दगी* (२०३३) जस्ता यथार्थवादी नाटकहरू लेखिएका छन् । यसका साथै प्रगतिशील र प्रगतिवादलाई अवलम्बन गरेर मोदनाथ प्रश्रितका *पचास रुपियाँको तमसुक, आमाको काखमा, सपनाहरू उपहार देशलाई, मन्त्रीजी, बुद्ध र चण्डाल युवती* नाटक देखापर्दछन् । शार्दूल भट्टराईको *बाँसुरी आतङ्क*, सुधा *त्रिपाठीको निश्वासका गुजिल्टाहरू*, हरिमाया भेटवालको *आहाल*, किशोर अनुरागकको *जङ्गे पिलर*जस्ता नाटकहरू यथार्थवादी प्रगतिशील तप्कामा देखिएका छन् ।

### मल्लद्वय : मनोविज्ञान

विजय मल्ल (वि. सं. १९८२) ले नेपाली नाटकमा मनोविज्ञानका विविध आयामको स्थापना गरेका छन् । लेखनका दृष्टिले मल्लको पहिलो नाटक 'राधा मान्दिन' (२००१) एकाङ्की हो भने प्रकाशनका दृष्टिले *बहुला काजीको सपना* (२००४) प्रथम हो । *कोही किन बरबाद होस्* (२०१७), *जिउँदो लास* (२०१७), *भोलि के हुन्छ ?* (२०२८), *स्मृतिको पर्खालभित्र* (२०४०), *मानिस र मुकुन्डो* (२०४०), *भूलैभूलको यथार्थ* (२०४१), *पहाड चिच्याइरहेछ* (२०४१), *माधुरी* (२०४८) आदिजस्ता पूर्णाङ्की नाटक र उनका *पत्थरको कथा, भित्तेघडी, दोभान*जस्ता एकाङ्कीसङ्ग्रह पनि प्रकाशित छन् । वि. सं. २००४ मा प्रकाशित *बहुला काजीको सपना*बाट थालिएको मल्लको नाट्यलेखन जम्मा नौओटा पूर्णाङ्की नाटक र करिब तिस (३०) भन्दा बढी एकाङ्की नाटकहरूको सिर्जनामा पुगेर रोकिएको छ । यसका साथसाथै गोविन्दबहादुर मल्ल 'गोठाले' (वि. सं. १९७९) ले कथा/उपन्यास/नाटक आदि विधामा कलम चलाएका छन् (उपाध्याय, २०६०, पृ. २०२) । उनका *भुसको आगो* (२०१८), *च्यातिएको पर्दा* (२०३९), *भोको घर* (२०३४), *दोष कसेको छैन* (२०२७) जस्ता नाटकहरू प्रकाशित छन् ।

## मल्लोत्तर युग

विजय मल्ल र 'गोठाले'को नाटकपश्चात् नेपाली साहित्यमा बहुलचिन्तनको प्रवेश हुन्छ । यस युगमा सामूहिक रूपमा विविध (विशेषगरी पश्चिमी नाट्यचिन्तन) खालका नाट्याभ्यास हुन्छन् । यसलाई कतिपय समालोचकले उत्तरआधुनिक समय पनि भनेका छन् । यद्यपि ती चिन्तनलाई सोलोडोलोमा उत्तरआधुनिक भनिहाल्नु हतारो हुन्छ किनभने यस युगमा परम्पराको निरन्तरता र नवीनताको अभ्यास सँगसँगै भइरहेको छ । यस चरणमा अस्तित्व-विसङ्गति, लैङ्गिकता, मथकीयता, प्रगतिवादजस्ता बहुलचिन्तन तथा आञ्चलिकता, सडक-नाटक, रेडियो नाटक, स्वैरकल्पना जस्ता शिल्पगत नवसिर्जन सँगसँगै देखिन्छन् तिनीहरूको सङ्क्षिप्त चर्चा यसप्रकार गरिएको छ ।

## विसङ्गति-अस्तित्व

अस्तित्ववाद यस्तो विचारधारा हो जो उन्नाइसौं शदीको मध्य र बिसौं शदीको दौरानमा विकास भयो । आधुनिकताले निम्त्याएको मानवको सोच, विचार, अनुभव र वैयक्तिक जीवनसँग यसको सम्बन्ध छ । अस्तित्ववाद आधुनिक युगको सशक्त दर्शन हो । अस्तित्ववादसँगै सम्बद्ध भएर विसङ्तिवाद बिसौं शताब्दीमा युरोपमा स्थापना

स्थापना भयो । अङ्ग्रेजी शब्द अब्सर्डिज्मले नेपालीमा विसङ्गतिवाद बुझाउँछ । विसङ्गतिवाद शब्दले मानवीय जीवन विसङ्गत, शून्य र उद्देश्यहीन छ भन्ने अर्थ व्यक्त गर्छ । निराशा विसङ्गतिवादी चिन्तनको आधारभूत पक्ष हो । नेपाली नाटकमा पारिजातका एकाङ्कीमा सङ्केतको रूपमा र ध्रुवचन्द्र गौतमका नाटकबाट सचेत रूपमा अस्तित्ववादी-विसङ्गतिवादी चिन्तनको प्रयोग भयो ।

## पारिजात

नेपाली साहित्यमा पारिजातलाई धेरैले कवि र आख्यानकारका रूपमा चिन्दछन् । उनको *रूपरेखा* (२०३०) पत्रिकामा 'एक कठिन निष्कर्ष' शीर्षकको रेडियो नाटक प्रकाशित छ । यो नाटक प्रकाशनपूर्व नै रेडियो नेपालबाट प्रसारित नाटक हो । त्यसैगरी उनको 'अँध्यारोको नदी' नामक एकाङ्की *सिम्रिक* (२०२७) पत्रिकामा छापिएको देखिन्छ । यसका साथै उनको 'आफ्नो रात' शीर्षकको अर्को नाटक *झङ्कार* (२०२८) पत्रिकामा प्रकाशित भएको छ । पारिजातले रेडियो नाटक तथा एकाङ्की मात्र होइन *एक जोडी अन्तराल* शीर्षकको पूर्णाङ्की नाटक पनि प्रकाशनमा ल्याएकी छन् । पारिजातको एक कठिन निष्कर्षजस्तो एकाङ्कीमा विसङ्गतिवादी चिन्तन देखिएकाले उनको चर्चित *शिरिषको फूल* उपन्यासभन्दा अगावै उनको लेखनीमा विसङ्गतिबोधी चिन्तनको सुरुआत भएको देखिन्छ (घिमिरे, २०६४, पृ. १९) ।

## ध्रुवचन्द्र गौतम

ध्रुवचन्द्र गौतम (सं. २००१, वीरगञ्ज) ले साहित्यका विविध विधा (कविता, आख्यान, निबन्ध) मा कलम चलाउनुका साथै नाटक पनि सिर्जना गरेका छन् । उनको पहिलो नाटक *पिकनिक* (२०१८) भएको पनि सूचना पाइन्छ । यो नाटक वि. सं. २०१८ तिर वीरगञ्जमा मञ्चित भएको थियो (उपाध्याय, २०६१ : १४०) । यसै गरी गौतमको *श्रीकृष्णलीला* (२०४१, गीतिनाटक), *दुर्गावतार* (२०४२, नृत्यनाटिका) दुई धार्मिक नाटक काठमाडौं रष्ट्रिय नाचघरमा मञ्चित भएको देखिन्छ । प्रथम नाटक नै मञ्चित भएकाले गौतम नाटक मञ्चनबाट प्रकाशनतर्फ अग्रसर नाटककार हुन् । त्यसपछि उनको *त्यो एउटा कुरा* (२०३०), *भस्मासुरको नलीहाड* (२०३७), *द्वन्द्व* (२०३९), *समानान्तर* (२०४२), *नाटक कसरी थाल्ने हो ?* (२०५२), *कि मिलेन* (२०५९) गरी छओटा नाटक प्रकाशित छन् । गौतमका नाटकहरूमा विसङ्गति, स्वैरकल्पना, असित व्यङ्ग्य, मिथकीयताजस्ता प्रवृत्ति भेटिन्छन् (उपाध्याय, २०५४, पृ. १३२) ।

## गोपाल पराजुली

आधुनिक नाट्यधाराका चर्चित नाटककारमा गोपाल पराजुली (२००४) लाई सम्मरण गरिन्छ । पराजुलीका *गोलार्द्धको दुई छेउ* (२०३७, ६ ओटा एकाङ्कीसङ्ग्रह), *सडकपछि सडक* (२०४६) र *समानान्तर सडक* (२०६३) गरी एक एकाङ्कीसङ्ग्रह र दुई नाटकहरू प्रकाशित छन् । उनको *गोलार्द्धको दुई छेउ* र *सडकपछि सडक* नाटकसङ्ग्रहमा नवीन प्रवृत्तिका नाटकहरू सङ्कलित छन् । विसङ्गत चिन्तनको प्रयोग तथा नेपालको वर्तमान स्थितिको मूल्याङ्कन गरेर नाटक सिर्जना गर्न सक्नु पराजुलीको महत्त्वपूर्ण नाटकीय पक्ष हो ।

## सरुभक्त

सरुभक्त (सं. २०१३) पोखराका चर्चित साहित्यकार हुन् । उनका *युद्ध उही ग्याँस च्यम्बरभित्र* (२०३९), *इतिहासभित्रको इतिहास* (२०४१), *शिशिरका अन्तिम दिनहरू* (२०४१), *इथर* (२०४४), *एस धम्मो सनंतनो* (२०४६), *गाउँ घरका नाटकहरू* (२०५०), *असमय अमौसम* (२०५४), *निमावीय* (२०५५), *जस्तो दन्त्य कथा* (२०५७), *सिरुमा रानी* (२०६१), *शरणार्थीहरू* (२०६३) आदि जस्ता नाटकहरू प्रकाशित भएका छन् । उनको *मलामीहरू* (२०५२, मिर्मिरे) र *निमावीय* जस्ता नाटकमा विसङ्गत चिन्तनको प्रयोग भएको देखिन्छ ।

## गोपी सापकोटा

गोपी सापकोटा (वि. सं २०२९) समसामयिक कालखण्डमा कलम चलाउने नाट्यप्रतिभा हुन्। सापकोटाले वि. सं. २०४९ देखि नाटकसिर्जना प्रारम्भ गरेका छन् । उनका *पूर्णविराम* (२०५५), *खरानी* (२०६०), *कालो आकृति* (२०६४) प्रकाशित भएको छ । त्यसपछि उनको *प्रेम कतिपय* (२०६९) शीर्षकको पूर्णाङ्की नाटक प्रकाशित देखिन्छ । उनको पहिलो नाटकसङ्ग्रह *पूर्णविराममा दस* (दशओटा नाटकहरू सङ्कलित छन् भने पछिल्ला दुई सङ्ग्रह *खरानी* र *कालो आकृति*मा क्रमशः दुई र दश नाटकहरू सङ्कलित छन् । उनको पछिल्लो नाटक *प्रेम कतिपय* भने पूर्णाङ्की नाटक हो । उनको *खरानी, चुरोट, कागज र मेनबत्तीहरू* जस्ता नाटकमा विसङ्गतिवादी चिन्तनको प्रयोग भएको छ ।

## कृष्ण शाह 'यात्री'

नाटककार कृष्ण शाह 'यात्री' (सं. २०३३) पछिल्लो पुस्ताका चर्चित नाटककार हुन् । *चिसो बस्ती* (२०४७) सँगै यात्रीको नाटकलेखन यात्रा प्रारम्भ हुन्छ । उनले हालसम्म *समय अवसान* (नाटकसङ्ग्रह : २०६१), *मान्छे मान्छेहरू र अतिरिक्त यात्रा* (२०६८) नाटकसङ्ग्रह र *प्रतिनिधि नेपाली नाटक* (२०६४) शीर्षकको नाटकसङ्ग्रह पनि सम्पादन गरेका छन् । यात्रीका तीन नाटकसङ्ग्रहभित्र झन्डै दुई दर्जन जति नाटकहरू सङ्कलित छन् । उनको मृत्युसम्पादन जस्ता नाटकमा विसङ्गत चिन्तनको प्रयोग भएको छ ।

## वासु शशी

वासु शशी (वि. सं. १९९२–२०४९, काठमाडौं) ले फ्रायड, एडलर र युङ्गको प्रभावमा आफ्ना नाटकको रचना गरेको देखिन्छ । उनले २००९ सालमा *मिसा* नामक नेवारी नाटक लेखेका थिए । शशीको मातृभाषा नेवारी भएकै कारणले उनले अभ्यासकालमा भने नेवारी भाषामा नाटक लेखेको पाइन्छ । उनको पहिलो प्रकाशित नाटक भने *इरा* हो । यसका साथै उनका *मिसा* पूर्णाङ्की (२००९ मञ्चन), *लाखा* पूर्णाङ्की (२००९ मञ्चन), *अपमानित आत्मा* (२०२४), *संरक्षण* (२०२४), *सबैथोक गर्नुपर्छ* (२०३९), *बाँसुरीमा नअटाएका धुनहरू* (२०४२), *उपहार* (२०४४), *जमिन र जीवन* (२०४२), *माया* (आस्था २०४४-४५ टेलिनाटक), *सारा मेरा सन्तान* (२०४४), *सुखको खोजीमा* (२०४४ टेलिनाटक), *सच्याउन नसकिने गल्ती* (टेलिनाटक), *वासु शशीका नाटक* (२०६१), *बुद्ध* (सिने नाटक २०६६) । उनका मुख्य नाटकीय प्रवृत्तिमा विसङ्गतिवादी, अस्तित्ववादी, मानवतावादी, यथार्थवादी, प्रगतिवादी, प्रयोगवादी चिन्तन र शिल्प देखिन्छन् ।

## लैङ्गिकता

लैङ्गिक सिद्धान्त कुनै सन्दर्भ, समुदाय, समाज या अध्ययनको क्षेत्रमात्र नभएर साहित्य, इतिहास, समाजशास्त्र, शिक्षामा पुरुष वा स्त्री वा यिनीहरूका बिचको विचित्र व्यवहारको अध्ययन हो । भाषाविज्ञान, धर्म, स्वास्थ्य विज्ञान, दर्शन, सांस्कृतिक अध्ययन आदिसँग यसको आयामगत सम्बन्ध देखिन्छ । नेपाली नाटक साहित्यमा पछिल्लो समय शारदा शुब्बा, हरिमाया भेटवाल, चन्द्र पाण्डे, सुधा त्रिपाठीजस्ता नाटककारले लैङ्गिक विषयमा कलम चलाएका छन् ।

## शारदा सुब्बा

शारदा सुब्बा समकालीन नेपाली महिला नाटककार हुन्। उनी रङ्गकर्मी पनि हुन् । उनले मिथकीय विषयवस्तुलाई उठान गर्दै त्यसमार्फत नारीस्वरलाई उजागर गर्ने जमर्को गरेकी छन् । विशेषगरी *यशोधरा* (२०६५) मा उनको मिथकीय स्वर देखिएको हो । *देउरालीका एक थुङ्गा फूल* (२०४१), *नभेटिएको बाटो* (२०४२), *दुखेका मान्छेहरू* (२०४७), *समानान्तर* (२०४८), *अघोषित र नीलो पीडा* (२०५५) जस्ता नाटकहरू प्रकाशित छन् । उनको *अघोषित* र *निलो पीडा* नारीचेतना युक्त नाटक हो भने यसोधरा मिथकीय बिम्बमा उत्तरआधुनिक चेतना भएको नाटक हो ।

## हरिमाया भेटवाल

हरिमाया भेटवालका *सहिद रोएको देश* (२०५५), *इतिहासको पुनरागमन* (२०५७), *मुत्युपत्र* (२०६३), *आहाल* (२०६९) जस्ता नाटकहरू प्रकाशित छन् । भेटवालका नाटकमा समाजमा रहेक कुरूप संस्कारको विरोध र त्यसको सुधारको आवाज बुलन्द गरिएको हुन्छ ।

## चन्द्र पाण्डे

तेस्रो लिङ्गीहरूको कथालाई समेटेर नाटककार चन्द्र पाण्डले *जिउँदो आकाश* (२०७४) नाटक लेखेका छन् । पटकपटक मञ्चन भएको यो नाटक लैङ्गिकताका दृष्टिले फरक प्रवृतिको नाटक हो । लैङ्गिकताका सन्दर्भमा राधिका राय, मायादेवी सुब्बा, सुभद्रादेवी दङ्गाल, शान्ता श्रेष्ठ, किरण शाक्य, विद्यादेवी दीक्षित, कमला न्यौपाने, माधुरी भट्टराई, रश्मि खतिवडा, भारती खरेल, वेदकुमारी न्यौपाने, भद्रकुमारी घले, इन्द्रमणि दर्नालजस्ता महिला नाटककारले नाटक लेखेका छन् ।

## मिथकीयता

मिथक शब्द अङ्ग्रेजी भाषाको मिथ शब्दको नेपाली रूपान्तरण अथवा पर्यायवाची हो । अङ्ग्रेजी भाषाको मिथ शब्दको व्युत्पत्ति यूनानी भाषा को माइथसबाट भएको देखिन्छ । यसको अर्थ आप्तवचन, मौखिक कथा भन्ने हुन्छ जहाँ भन्ने र सुन्नेले यो ब्रह्माण्डसम्बन्धी तथ्यलाई बोध गर्छन् । नेपाली नाटकमा ध्रुवचन्द्र गौतम, फणिन्द्रराज खेताला, श्रवण मुकारूङजस्ता नाटकाहरू यस विषयसम्बद्ध देखिएका छन् ।

## फणीन्द्रराज खेताला

नाटककार फणीन्द्रराज खेताला (वि. सं. १९७९–२०६७) नाटककार बालकृष्ण समबाट प्रभावित बनेर नाटक क्षेत्रमा लागेका हुन् । वि. सं. १९९९ देखि उनले नाटक लेख्न सुरु गरेका हुन् । उनको *आदर्श जीवन* (१९९९) पहिलो नाटक हो । यसबाहेक *अपूरो जीवन* (२००१), *फूल र काँडा* (२००३), *सीता स्वयम्वर* (२००६), *विजय* (२००९), *नागफनी र स्वास्नीमान्छे* (२०२८ एकाङ्कीसङ्ग्रह), *फुपू* (रेडियोनाटक, २०३९) शीर्षकका नाटक उनले प्रकाशनमा ल्याएका छन् । उनका नाटकीय विशेषतामा सामाजिक र आदर्शोन्मुख यथार्थवाद, स्वच्छन्दतावादी, मनोवैज्ञानिकता, पौराणिकता, समस्यामूलकता, नारीवाद, गद्यात्मकता र मिथकीयता आदि पर्छन् ।

## श्रवण मुकारुङ

श्रवण मुकारूङ (वि. सं. २०२५, भोजपुर) सर्जकमात्र नभएर विभिन्न प्रकारका अभिनय गर्दै नाट्यविधामा अग्रसर भए । उनले *अस्तित्व* शीर्षकको नाटक लेखे र त्यसमा आफैँले अभिनय पनि गरे । मनबहादुर मुखियाको *अनि देउराली रून्छ* नाटकमा पनि उनले अभिनय गरे । यस्ता नाटकहरूमा अभिनय गरेर नाट्यक्षेत्रमा प्रवेश गरेका श्रवणको एक मात्र नाटक *यलम्बर* (२०५३) प्रकाशित छ । उनको नाटकमा स्वैरकल्पना, मिथकीयता, सामाजिक विकृति प्रति तीव्र व्यङ्ग्य, नारी समस्यामूलकता अङ्क तथा दृश्यहीन नाटकरचना हुनु उनको मुख्य नाटकीय विशेषता हुन् ।

## प्रगतिवाद

प्रगतिवाद एक राजनैतिक एवं सामाजिक शब्द हो । प्रगति शब्दको अर्थ हुन्छ उन्नति वा अगि बढ्नु । प्रगतिवादले समाज, साहित्य आदिको निरन्तर उन्नतिमा जोड दिन्छ । यो मार्क्सवादी सिद्धान्तमा आधारित छ । नेपाली नाटकको उत्तरवर्ती काखण्डमा पनि प्रगतिवादी नाटकको सिर्जना भएको देखिन्छ । (पनेरू, २०७२, पृ. २१)

## जीवन शर्मा

जीवन शर्मा (वि. सं. २०१६, बागलुङ) खासमा गायक हुन् । उनको दोस्रो साहित्यिक व्यक्तित्व गीतिनाटककार हो । उनको पहिलो प्रकाशित (मञ्चित) नाटक *ठूली* (२०५२) हो । यो नाटक दुई भागमा प्रदर्शन भएको देखिन्छ । जब

*ठूली* नाटक विभिन्न हलहरूमा प्रदर्शन भयो त्यसपश्चात् शर्मा गायकबाट एक सफल नाटककारको रूपमा उदाए । सङ्ख्यात्मक दृष्टिले उनका नाटक धेरै होइनन् तापनि पहिलो नाटक ठूलीबाट नै यस क्षेत्रमा आफ्नो पकड जमाए र अहिले पनि उनी गायनका साथै नाटकतिर चिन्तनशील छन् । यसबाहेक उनका *पूजा* (२०५५), *जवाफ* (२०५६) जस्ता नाटक पनि मञ्चित छन् । उनका मुख्य नाटकीय प्रवृत्तिमा यथार्थवाद, क्रान्तिकारिता, भावुकता, राष्ट्रवादीता आदि पर्छन् ।

**मोदनाथ प्रश्रित**

मोदनाथ प्रश्रित (वि. सं. १९९९) को पहिलो प्रकाशित नाट्यकृति *पचास रुपैयाँको तमसुक* (२०२८) हो । उनका अन्य प्रकाशित कृतिमा *आमाको काखमा* (२०३२), *सपनाहरू उपहार देशलाई* (२०४९), *मन्त्रीजी* (२०५१) रहेका छन् । उनका नाटकमा प्रगतिवादी चेत, राजनीतिक जागरण, पौराणिक विषयको प्रयोग, नारीवादी चिन्तनको प्रयोग भएको देखिन्छ । साहित्यका प्रचलित सबै विधामा उनले कलम चलाएका छन् .

**रमेश विकल**

रमेश विकल (वि. सं. १९८५–२०६५) को पहिलो नाटक *भोलि म हाकिम भएँ भने* हो । *क्रान्ति गर्भवती रक्तस्नान मान्छे* (२०३६), *सात थुँगा* (२०३७ सङ्ग्रह), *बस बिसौनीभित्र* (२०३८), *एउटा भोलि जन्मन्छ* (फुटकर एकाङ्की नाटक), *सातथुँगा* (२०३८ बालनाटक), *सरदार भक्ति थापा* (२०३९ पूणाङ्की), *मिल्किएको मणि* (२०४८), *मान्छे वैभव र मृत्यु* (२०५६) रहेका छन् । प्रगतिवादी, यथार्थवादी, मानवतावादी, पौराणिक, ऐतिहासिकता उनका नाटकीय प्रवृत्तिहरू हुन् (डब्लु डब्लु डब्लु डट मझेरी डट कम) । रमेश विकलको लेखनको प्रमुख विधा भनेको कथा भने नाटकका क्षेत्रमा पनि उनले कलम चलाएका छन् .

**रायन**

रायन (वि. सं. २००० ओखलढुङ्गा) प्रमुख रूपमा प्रगतिशील गायक हुन् । उनको पहिलो प्रकाशित नाटक *सिस्मा* (२०३८) हो । यसैगरी उनको *कहाली* (२०४९) शीर्षकको नाटक पनि प्रकाशित देखिन्छ । उनका मुख्य नाटकीय प्रवृत्तिमा प्रगतिवादी, सामाजिक यथार्थवादी, कवितात्मकता, राष्ट्रियताको बोध, अभिनेयता, मञ्चनीयता, कारुणिकता, नारीवादी चेतना आदि देखिन्छ ।

**खेम थपलिया**

समसामयिक कालखण्डमा प्रगतिवादी चिन्तनका नाटकहरूको खडेरी परिरहेको सन्दर्भमा थपलिया सुकोमल पिपिरा हुन् । उनका नाटकहरू छोटा छन् तर विचारमा प्रखर छन् । समाज रूपान्तरणका लागि क्रान्तिको अपरिहार्यतालाई थपलियाले उठान गरेका छन् । उनका *युद्ध र शान्ति* (२०६४), *नागार्जुन एक्सप्रेस* (२०६६), *सपनाका सपनाहरू* (२०७०), *प्रगतिवादी एकाङ्की नाटक* (२०७०), *उनी मरेका छैनन्* (२०७२), *दाना* (२०७४) नाटक प्रकाशित छन् ।

**पुरु लम्साल**

पुरु लम्साल (२०३९) नुवाकोटमा जन्मेका रङ्गकर्मी हुन् । उनका *ठूलीका सपनाहरू* (नाटकसङ्ग्रह, २०६७), *आधा जलेको खप्पर* (गजलसङ्ग्रह, २०६८), *अर्को ओरालो* (नाटकसङ्ग्रह, २०७१), *देश हराएका मान्छेहरू* (नाटक, २०७२) र *पानीघट्ट* (नाटक, २०७४), *देउकाशी* (नाटक, २०७६) प्रकाशित छन् । *अनि हरिभक्त फर्किएनन्* शीर्षकको डकुमेन्ट्री पनि निर्माण गरेका छन् लम्सालले । यी सिर्जनाबाट के निर्धक्क भन्न सकिन्छ भने लम्साल नेपाली नाटकक्षेत्रका प्रतिबद्ध लेखक तथा रङ्गकर्मी हुन् ।

### अविनाश श्रेष्ठ

अविनाश श्रेष्ठ (इस्वी १९५५, भारतको आसाम) मिथकीय र स्वैरकल्पनात्मक नाट्लेखनमा रुचि राख्छन् । पौराणिक विषयवस्तुलाई पनि उत्तिकै सफलताका साथ रङ्गमञ्चमा स्थापित गराउनमा उनको रुचि छ । उनी नेपाली रङ्गमञ्चमा प्रशंसित लेखक हुन् । उनको पहिलो प्रकाशित नाटक *यहाँ जिन्दगी यस्तै छ'* (२०२८) नामक पूर्णाङ्की नाटक हो । उनका प्रकाशित अन्य नाटकमा समय, समय अनि समय (२०३९) र *अश्वत्थामा हतोहत* (२०४५) हुन् ।

### आञ्चलिकता

मनबहादुर मुखिया (वि. सं. २००४, दोलखा) दार्जिलिङमा नाटक मञ्चन भइरहने स्थलनजिक बसोबास गर्थे । यस क्रममा उनमा पनि साहित्यमा केही गर्न सकिन्छ भन्ने भावना जाग्यो फलत: उनका अनि *देउराली रुन्छ* (सन् १९७३), *अध्याँरोमा बाँच्नेहरू* (१७९२), *फेरि इतिहास दोहोरिन्छ* (१९७५), *क्रसमा टाँङ्गिएको जिन्दगी* (१९७६) जस्ता नाटक प्रकाशनमा आए ।

### सडकनाटक

सडकनाटक आधुनिक समयको रङ्गमञ्चीय प्रस्तुति हो । यसलाई कचहरी नाटक, आगन नाटक, नुक्कड नाटक, पथ नाटक तथा झोले नाटक पनि भन्ने गरिन्छ (थापा, २०७५, पृ. २) । अशेष मल्ल धनकुटामा जन्मेर नेपालमा सडकनाटकलाई लोकप्रिय बनाउँछन् । उनी विशेषगरी नाटकलेखन र निर्देशनमा मात्र क्रियाशील भएनन् बरु रङ्गअभियानमा पनि क्रियाशील भए । उनका साङ्केतिक र राजनीतिक विषयका नाटकले निकै लोकप्रियता हासिल गरे । मल्ल २०३० को दशकदेखि नै नाटकलेखन तथा रङ्गकर्ममा लागे । उनको पहिलो नाटक *तुवाँलोले ढाकेको बस्ती* (२०३३) हो । *हामी वसन्त खोजिरहेका छौँ* (२०३८), *मुर्दावादमा उठेका हातहरू* (२०३९), *सडकदेखि सडकसम्म* (२०४१), *अनादिक्रम* (२०४५), उनको *सडकदेखि सडकसम्म* नाटकसँगालोमा *नाटकहरूको नाटक* (२०३८), *समाप्त-असमाप्तं* (२०३९), *इत्यादि प्रश्नहरू* (२०३७), *सडकदेखि सडकसम्म* (२०३७), *निरन्तर* (३०३९), *हामी वसन्त खोजिरहेका छौँ* (२०३८) जस्ता छओटा नाटकलाई समावेश गरिएको छ भने उनले *समकालीन नेपाली नाटक* (२०५७) सम्पादन गरेका छन् । सडक नाटक एउटा अभियान वा जनचेतनामूलक नाटकका रूपमा नेपालमा स्थापित भएको हो (थापा, २०७६, पृ. ५३) ।

### रेडियोनाटक

रेडियोनाटक नामैले बुझिन्छ रेडियोको परिणाम हो । रेडियोमा आवाजको माध्यमबाट रेडियो नाटक सुनाइन्छ । त्यसैले रेडियो नाटक केवल अडियोको माध्यमबाट प्रसारण हुन्छ र आवाजलाई ज्यादा प्रवर्धन गरिन्छ । त्यसकारण रेडियोनाटकमा स्रोताले दृश्य भावनालाई आवाजको माध्यमबाट मात्र बनाइन्छ । आवाजको आरोहअवरोहलाई विशेष ध्यानका साथ लिइन्छ । नेपाली रेडियोनाटकमा बालकृष्ण समदेखि पछिल्लो समयका नाटककारसम्मले कलम चलाएका छन् । विजय मल्ल, फणीन्द्रराज खेताला, श्यामदास वैष्णव, जनार्दन सम, प्रचण्ड मल्ल, ध्रुवकुमार देउजा, मिलनराज गर्तौला, घनश्याम खतिवडा, नवराज लम्सालजस्ता नाटककारले नाटकसिर्जना गरेका छन् ।

### स्वैरकल्पना

मनोवैज्ञानिक आवश्यकताको जवाफमा विशेष रूपले अवास्तविक या असम्भव मानसिक छवि बनाउने प्रक्रिया नै स्वैरकल्पना हो । यो एकप्रकारको मानसिक चित्र हो जसमा कल्पनाको सिर्जना हुने गर्छ । नेपाली नाटकमा ध्रुवचन्द्र गौतम, मोहनराज शर्मा आदिजस्ता नाटककारको नाटकमा स्वैरकल्पनाको प्रयोग भएको छ ।

### मोहनराज शर्मा

मोहनराज शर्मा (१९९४–२०७५) नेपाली भाषा-साहित्यको सुपरिचित नाम हो । नेपाली नाटकलेखनमा

शर्मा प्रयोगशील स्वभावका देखिन्छन् । उनका नाटकमा स्वैरकल्पनाको बहुलता पाइन्छ (थापा, २०६३/६४, पृ. ९३) । उनका *जेन्मन्त / यमा* (२०४१), *वैकुण्ठ एक्सप्रेस* (२०४२), उताको बाघ (२०६२) र *यातनामा छटपटाएकाहरू* (२०७२) जस्ता नाटक प्रकाशित छन् । सामाजिक विसङ्गतिलाई झटारो हान्न मन पराउने शर्माका नाटकमा प्रविधिका तहमा स्वैरकाल्पनिक र विचारमा विसङ्गत देखिन्छन् । यसै गरी शैरकल्पनाको प्रयोग गरी सरुभक्तले मलामीहरू, ध्रुवचन्द्र गौतमको *भस्मासुरको नलीहाड* जस्ता नाटक लेखिका छन् ।

## निष्कर्ष

साहित्यको गति निरन्तर हुन्छ । समयका सिँढीमा साहित्यको छाप भने फरकफरक हुन्छन् । साहित्यको अतीतलाई मूल्याङ्कन गरेर साहित्यको इतिहास लेखिन्छ । साहित्येतिहासमा अन्तरङ्ग र बहिरङ्ग पक्षहरूको भूमिका विशेष हुन्छ । नेपाली नाटक धार्मिक, सांस्कृतिक र अनुष्ठानिक आधारबाट उत्पत्ति भयो । अनुवाद र छिमेकी भाषासाहित्यको प्रभावबाट बामे सऱ्यो र अन्ततः आफ्नो मौलिक मार्गमा क्रियाशील भयो । नेपाली नाटक अन्य विधाको सापेक्षतामा निम्छरो देखिएको छ । सङ्ख्यात्मक दृष्टिले पनि यो विधा कवितागजलझैँ बेप्रवाह बगेको छैन । ढाँचामा बढी प्राविधिक, पठनशैलीमा निष्प्रवाही, प्रदर्शनमा खर्चिलो र समूहकार्यको अपेक्षा गर्ने भएकाले पनि नाट्यविधा बढी दुब्लाएको देखिन्छ । प्रभावकारिताका हिसाबले भने नाटक उम्दा विधा हो । यसको सामाजिक जिम्मेवारी अन्य विधाको भन्दा निकै उपल्लो छ । नेपाली साहित्यमा नाटक थोरै टाक्सिएको छ । आयामगत हिसाबले पनि खास पाजिन सकेको छैन । यसका अनगिन्ती कारण होलान् । ती अल्झोमा नलागेर नेपाली नाटक साहित्यको विकासमा सर्जक, निर्देशक, समीक्षक र दर्शक सामूहिक हिसाबले रगरग्ती अगाडि बढ्नुको विकल्प छैन । नेपाली नाटकको हिजो र आजलाई केलाउँदा अनुवाद-रूपान्तरण, शृङ्गारिकता र मौलिकताका विविध आरोहअवरोह भेट्टाउन सकिन्छ ।

## सन्दर्भग्रन्थसूची

उपाध्याय, केशवप्रसाद (२०५९). *नेपाली नाटक तथा रङ्गमञ्च उद्भव र विकास.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, केशवप्रसाद (२०६०). *नेपाली नाटकको अध्ययन.* ललितपुर : साझा प्रकाशन ।

कँडेल, घनश्याम (२०६४). *पाश्चात्य यथार्थवादी नाटक.* काठमाडौँ : सुभद्रा उपाध्याय कँडेल ।

कंसाकार, प्रेमबहादुर (२०१९). हाम्रो नाटक परंपरा. *हिमानी,* वर्ष १, अङ्क २ ।

घिमिरे, कृष्णप्रसाद (२०६४). *पारिजातको नाटकको समीक्षा.* काठमाडौँ : क्षितिज प्रकाशन ।

थापा, अशोक (२०६४). समकालीन नेपाली नाटकमा प्रयोग. *कुञ्जिनी.* ११(११), ८९–९५ ।

थापा, अशोक (२०६५). समकालीन नेपाली रङ्गमञ्च चुनौती र सम्भावना. *प्रज्ञा,* २(११८), ४८–५८ ।

थापा, अशोक (२०७५). नेपाली सडक नाटकको प्रवृत्तिगत अनुरेखाङ्कन. *इन्टेलेक्चुअल्ज,* १(१), १–८ ।

पनेरू, राजिन (२०७२). *उत्तरवर्ती चरणका नेपाली नाटकका प्रवृति* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

पराजुली, ठाकुर (२०५६). *नेपाली साहित्यको परिक्रमा.* काठमाडौँ : नेपाली विद्या प्रकाशन ।

मल्ल, प्रचण्ड (२०६६). *कान्तिपुरको रङ्गमञ्च.* काठमाडौँ : आरोहण गुरुकुल ।